## २०६६ साउन महिनादेखि लागू हुने गरी कार्यान्वयनमा ल्याइएको

# परिमार्जित पत्रपत्रिका वितरण संपरीक्षणको मापदण्ड

**पृष्ठभूमि :**

काउन्सिलले पत्रपत्रिकाको वर्गीकरण सम्बन्धी कार्य २०४० देखि गर्दै आएको भए तापनि कानुनी रुपमा प्रेस काउन्सिल ऐन, २०४८ ले स्वायत्त संस्थाको रुपमा वितरण संपरीक्षण समितिको व्यवस्था गरी सोही समिति मार्फत् वर्गीकरण सम्बन्धी कार्य गर्दै आएको छ ।

**वर्गीकरणको निम्ति मापदण्डको निर्धारण :**

कानूनले पत्रपत्रिकाको वर्गीकरण गर्ने जिम्मेवारी वितरण संपरीक्षण समितिलाई तोकेको भए पनि वर्गीकरण गर्ने विधिका बारेमा कानूनमा स्पष्ट व्यवस्था नभएकाले पहिलो पटक २०५५ मा काउन्सिलद्वारा वर्गीकरण मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो ।

**परिमार्जनको आवश्यकता :**

अनुभवका आधारमा यसलाई बस्तुनिष्ठ र वैज्ञानिक बनाउने सन्दर्भमा २०५७, २०५९ र २०६४ मा गरी तीनपटक परिमार्जन गरिसकिएको छ । अझै पनि यसमा केही व्यावहारिक समस्या देखिएको भन्ने सम्बन्धित पक्षको गुनासो रहेको र काउन्सिलका तत्कालीन सदस्य श्री महेन्द्र विष्टको संयोजकत्वमा गठित कार्यदल, उच्चस्तरीय मिडिया सुझाव आयोग र न्यूनतम पारिश्रमिक निर्धारण समितिको सुझावलाई समेत ध्यानमा राखी परिवर्तित सन्दर्भमा यसको प्रकृयागत संरचनामासमेत फेरबदल गर्न उपयुक्त हुने देखिएको छ ।

**वर्गीकरण पद्धति :**

हालको केन्द्रीकृत वर्गीकरण पद्धतिको विकल्पको रुपमा विकेन्द्रीत पद्धतिलाई अवलम्बन गर्दा बढी व्यावहारिक हुने देखिएकाले वर्गीकरण कार्यलाई तीन तहमा विभाजन गर्न सान्दर्भिक हुने देखिन्छ :

१. राष्ट्रिय तहको वर्गीकरण (नेपालभरी बिक्रीवितरणका लागि वितरण हुने पत्रिका)
२. क्षेत्रीय तहको वर्गीकरण (क्षेत्रीयस्तरमा बिक्रीवितरणका लागि वितरण हुने पत्रिका)
३. स्थानीय तहको वर्गीकरण (स्थानीयस्तरमा (जिल्लामा मात्र) बिक्रीवितरणका लागि वितरण हुने पत्रिका)

**श्रेणी (वर्ग)) विभाजन :**

पत्रपत्रिकाको श्रेणी विभाजन गर्दा सामान्यतः **'क'**, **'ख'** र **'ग'** वर्ग गरी तीन श्रेणीमा मात्र विभाजन गरिने छ ।

**संपरीक्षण वर्गीकरण गर्ने निकाय :**

प्रेस काउन्सिल ऐन, २०४८ मा पत्रपत्रिकाको वर्गीकरण केन्द्रीयस्तरको वितरण संपरीक्षण समितिले गर्ने व्यवस्था गरिएको छ । वर्गीकृत हुन चाहने सबै पत्रपत्रिका प्रकाशकले वितरण संपरीक्षण समितिसमक्ष आवेदन दिनुपर्ने व्यवस्था छ । क्षेत्रीय (प्रान्तीय) वा स्थानीय तहको वर्गीकरणका लागि कानूनी रुपमै छुट्टै संयन्त्र बनाउनु आवश्यक देखिन्छ । कानूनी रुपमा त्यस्तो संयन्त्र नबन्दासम्म वितरण संपरीक्षण समितिले नै त्यसको वर्गीकरण गर्नेछ । तर विभिन्न तहको वर्गीकरण गर्ने संयन्त्र नबनेसम्म पत्रपत्रिकाको प्रकाशन र वितरणको अवस्था बारे बुझ्न देहायबमोजिमको स्थानीय वितरण अनुगमन समितिको व्यवस्था गरिने छ ।

**स्थानीय वितरण अनुगमन समिति :**

१. बार एशोसियशनको जिल्ला अध्यक्ष - संयोजक
२. पत्रकार महासंघका अध्यक्ष - सदस्य
३. उद्योग वाणिज्य संघका प्रतिनिधि - सदस्य
४. सूचना केन्द्र भएको जिल्लाको हकमा सूचना केन्द्रको प्रतिनिधि अन्य जिल्लाको हकमा हुलाक कार्यालयका प्रतिनिधि - सदस्य
५. जिल्ला विकास समितिको प्रतिनिधि - सदस्य

यो अनुगमन समितिको कार्यक्षेत्र (TOR) वितरण संपरीक्षण समितिले स्पष्ट रुपमा तोक्नेछ। साथै यसलाई आवश्यक सञ्चालन खर्च (Logistic support) समेत उपलब्ध गराइने छ । यो समितिलाई काउन्सिलका सदस्यहरुले समन्वयकारी भूमिका निर्वाह गरी सहयोग गर्नेछन् ।

**मूल्यांकन/वर्गीकरणमा पर्न आवश्यक न्यूनतम आधार :**

कुनै पनि पत्रिका वर्गीकरणमा समावेश हुन छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली २०४९ को नियम ७ (२) बमोजिम एक वर्षमा न्यूनतम देहायको अंक प्रकाशित भएको हुनु पर्दछ :

| | | |
|---|---|---|
| क) | दैनिक समाचारपत्र | ३०० अंक |
| ख) | अर्धसाप्ताहिक समाचारपत्र | ८० अंक |
| ग) | साप्ताहिक समाचारपत्र | ४० अंक |
| घ) | पाक्षिक समाचारपत्र | २० अंक |
| ङ) | मासिक समाचारपत्र | १० अंक |
| च) | द्वैमासिक र त्रैमासिक समाचारपत्र<br>(अवधि गणना साउनदेखि असारसम्म) | ४ अंक |

माथि उल्लेखित न्यूनतम अंक प्रकाशित नगर्ने पत्रपत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन ।

यो व्यवस्था अनुरूप प्रत्येक आर्थिक वर्षको साउनदेखि असार मसान्तसम्ममा सो बमोजिमको अंक प्रकाशित गरी असोज मसान्तभित्र प्रकाशन वितरणको लेखा परीक्षकद्वारा संपरीक्षण गराई आवेदन दिने पत्रपत्रिकाको मात्र संपरीक्षण मूल्यांकन गरिनेछ। म्याद समाप्त भएको मितिले ७ दिनभित्र दोब्बर दस्तुर तिरी आवेदन दिन सकिने छ ।

वर्गीकरणका निम्ति प्रस्तुत भएको पत्रपत्रिका प्रष्टसँग छपाई प्रेस (प्रिन्टिङ प्रेस) बाट छापिएको हुनुपर्ने छ। अन्यथा वर्गीकरणमा समावेश गरिने छैन ।

संस्थागत पत्रिकाको हकमा कुनै दाताको सहयोगमा वा आफ्नो संस्थाको प्रचार वा प्रवर्द्धनको उद्देश्यले प्रकाशन भएको भए वर्गीकरणमा समावेश गरिने छैन ।

समाचारलाई सम्पादकीय भनी उल्लेख गर्ने, प्रायजसो समाचार सामग्री विभिन्न पत्रपत्रिकाबाट साभार गर्ने, विभिन्न न्यूज एजेन्सीको समाचार सामाग्री मात्र उल्लेख गर्ने तर ५० प्रतिशत आफ्नो मौलिक सामग्री प्रस्तुत नगर्ने पत्रपत्रिकालाई पनि वर्गीकरणमा समावेश गरिने छैन ।

एकै व्यक्ति प्रकाशक वा सम्पादक भई एकै भाषा र एकै प्रकारको एकभन्दा बढी पत्रिका प्रकाशित गरी वर्गीकरण मूल्यांकनका लागि निवेदन दिएको रहेछ भने एउटामात्र पत्रिकाको मूल्यांकन गरिने छ । जस्तै : कुनै व्यक्तिले आफ्नो प्रकाशकत्व वा सम्पादकत्वमा १ भन्दाबढी साप्ताहिक प्रकाशन गरेको (एउटै भाषामा) रहेछ भने एउटाको मात्र मूल्यांकन गरिने छ ।

**राष्ट्रिय तह, क्षेत्रीय तह र स्थानीय तह अन्तरगत विभिन्न वर्गमा वर्गीकृत हुन आवश्यक अन्य आधारहरु :**

**राष्ट्रिय तहको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाको हकमा :**

**'क' वर्ग**

१. नेपालका ६० प्रतिशत वा सोभन्दा बढी जिल्लाका सदरमुकामस्थित बिक्रीकेन्द्रबाट बिक्रीवितरण भएको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएका बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

'ख' वर्ग

१. नेपालका ४० प्रतिशत वा सोभन्दा बढी जिल्लाका सदरमुकामस्थित विक्रीकेन्द्रबाट विक्रीवितरण भएको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएका बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

'ग' वर्ग

१. नेपालका २० प्रतिशत वा सोभन्दा बढी जिल्लाका सदरमुकामस्थित विक्रीकेन्द्रबाट विक्रीवितरण भएको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

नेपालका १५ जिल्ला भन्दा कम क्षेत्रमा विक्रीवितरण गर्ने पत्रिकाले राष्ट्रिय तहको वर्गीकरणमा भाग लिन पाउने छैन ।

**क्षेत्रीय तहको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाको हकमा :**

'क' वर्ग

१. सो क्षेत्रका सबै जिल्लाका सदरमुकामस्थित विक्रीकेन्द्रबाट विक्रीवितरण भएको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

'ख' वर्ग

१. सो क्षेत्रका कम्तिमा ७५ प्रतिशत जिल्लाका सदरमुकामस्थित विक्रीकेन्द्रबाट विक्रीवितरण भएको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

'ग' वर्ग

१. सो क्षेत्रका कम्तिमा ५० प्रतिशत जिल्लाका सदरमुकामस्थित विक्रीकेन्द्रबाट विक्रीवितरण भएको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

**स्थानीय तहको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाको हकमा :**

'क' वर्ग

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट विक्रीवितरण हुनुको साथै जिल्लाका सबै गाविसमा पुगेको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

'ख' वर्ग

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट विक्रीवितरण हुनुको साथै जिल्लाका दुई तिहाई गाविसमा पुगेको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

'ग' वर्ग

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट विक्रीवितरण हुनुको साथै जिल्लाका आधाभन्दा बढी गाविसमा पुगेको हुनु पर्ने ।

२. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।

३. माथि बुँदा नं. १ र २ मा उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको बिल, प्रेसलाई भुक्तानी गरेको बिल, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको विवरण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

एकहजार प्रतिभन्दा कम प्रति छापी विक्रीवितरण गर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन ।

तर, पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरु (पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुंङ्गा, खोटाङ, दोलखा, रामेछाप, सिन्धुली, गुल्मी, अर्घाखाँची, रसुवा, मनाङ, मुस्ताङ, म्याग्दी, रुकुम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडी) बाट प्रकाशित हुने पत्रपत्रिकाको हकमा न्यूनतम पाँचसय प्रति छापिने रहेछ भने पनि वर्गीकरणमा समावेश गरिने छ ।

**विषयगत अंक विभाजन (पूर्णाङ्क १००) :**

पत्रपत्रिकाको विभिन्न पक्षको मूल्यांकनको निम्ति १०० पूर्णाङ्क राखिएको छ । *वितरण परिमाणको निम्ति ५०, निरन्तरतामा ५ र आचार संहिता १५ गरी पहिलो समूहमा कुल ७० अंक कायम गरिएको छ । विषयवस्तु १५, भाषा १० र साजसज्जा/छपाई ५ गरी दोस्रो समूहमा जम्मा ३० अंक* कायम गरिएको छ ।

राष्ट्रिय तहको वर्गीकरणका निम्ति पहिलो समूहको मूल्यांकन प्रेस काउन्सिल सचिवालयको तर्फबाट गरिन्छ भने दोस्रो समूहको मूल्यांकनको निम्ति वितरण संपरीक्षण समितिले परीक्षकको नियुक्ति गर्ने र परीक्षकले मूल्यांकन गरी दिएको प्रतिवेदनमा पत्रपत्रिकाले प्राप्त गरेको अंक र सचिवालयबाट गरिने मूल्यांकनमा प्राप्त गरेको अंक जोडी १०० पूर्णाङ्कमा जम्मा कति अंक प्राप्त गर्छ सो को आधारमा पत्रपत्रिकालाई विभिन्न वर्गमा छुट्याउने व्यवस्था छ । क्षेत्रीय र स्थानीय तहको वर्गीकरणका निम्ति स्थानीय तहका अनुगमन समितिले दिएको सिफारिसका आधारमा वितरण बापतको अंक दिइने छ भने आचारसंहिता पालना बापतको नंबर काउन्सिल सचिवालयको आचार संहिता अनुगमन इकाईको सिफारिसका आधारमा दिइने छ । दोस्रो समूहको मूल्यांकनका लागि विशेषज्ञको

नियुक्ति वितरण संपरीक्षण समिति वा काउन्सिलले गर्नेछ । पत्रपत्रिकाको संपरीक्षण मूल्यांकन देहायबमोजिम गरिने छ :-

(क) प्रथम समूह

| क.सं | पत्रिकाको नाम | वितरण परिमाण | निरन्तरता | आचार संहिता | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | ५० | ५ | १५ | ७० | |
| | | | | | | |

(ख) दोस्रो समूह

| क.सं | पत्रिकाको नाम | विषयवस्तु | भाषा | साजसज्जा/छपाई | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | १५ | १० | ५ | ३० | |

दोस्रो समूहको मूल्यांकनका लागि पत्रकारिताका अनुभवी, विषयवस्तुको ज्ञाता, विधागत क्षेत्र र विभिन्न भाषाभाषी सम्बद्ध सञ्चार विज्ञहरुको 'विशेषज्ञ सूची' तयार पारी प्रत्येक वर्ष अद्यावधिक गर्दै लगिने छ र त्यही सूचीबाट विशेषज्ञ नियुक्त गरी तोकिएको मापदण्ड बमोजिम पत्रपत्रिकाको मूल्यांकन गराइने छ ।

**विभिन्न वर्गमा पर्नको निम्ति आवश्यक पर्ने प्राप्ताङ्क प्रतिशतः**

पत्रपत्रिका वितरण संपरीक्षणको मूल्यांकन गर्दा देहाय बमोजिम अंक प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा समावेश गरिने छ :

(अ) 'क' वर्ग = ६५ वा सोभन्दा माथि

(आ) 'ख' वर्ग = ५० देखि ६४ सम्म

(इ) 'ग' वर्ग = ३२ देखि ४९ सम्म

अन्तिम योगफलमा दशमलब पछि आउने संख्या ०.५० वा सो भन्दा माथि भए माथिल्लो अंक पाउने छ र त्यसैका आधारमा वर्ग कायम गरिने छ । जस्तै : अन्तिम योगफल ६४.५० वा सोभन्दा बढी दशमलब भए ६५ अंक कायम गरी 'क' वर्गमा वर्गीकृत गरिनेछ ।

१०० पूर्णांकमा ३२ अंक प्राप्त गर्न नसक्ने पत्रिकालाई नियमित प्रकाशनको सूचीमा मात्र समावेश गरिने छ ।

**वितरण संख्या परीक्षण विधि :**

१. बिक्री वितरणको प्रमाणिकताका लागि सम्बन्धित प्रकाशकले वितरण फाराममा यो मापदण्डबमोजिम वा वितरण फाराममा संलग्न गर्नुपर्ने भनी उल्लेख गरिएका विवरणहरु अनिवार्य रुपमा फारामसाथ संलग्न गरेको हुनु पर्दछ ।

२. वितरण संपरीक्षण समितिले स्थानीय निकाय, स्थानीय प्रशासन र स्थानीय उद्योग वाणिज्य संघ, सञ्चार केन्द्र, नेपाल पत्रकार महासंघको स्थानीय शाखा, जिल्ला वा क्षेत्रीयस्तरका पत्रपत्रिका विक्री एजेन्ट, थोक विक्रेता आदिसँग वितरणको यथार्थता परीक्षण (Cross check) गरिने छ ।

३. प्रकाशकले दावी गरेको वितरण परिमाणको संख्यालाई काउन्सिलको वेब साइटमार्फत सार्वजनिक गरिने छ । कुनै कारणबस प्रकाशकको दावी झुठो ठहरिएमा सम्बन्धित समितिले वर्ग घटाउन वा वर्गीकरणबाट हटाउन सक्नेछ ।

४. वितरण संख्या यकिन गर्ने सन्दर्भमा सम्बन्धित समितिले आवश्यकता अनुसार प्रेस निरीक्षण तथा बजार सर्वेक्षण गर्नेछ ।

**विभिन्न पक्ष वा आधारहरूको मूल्यांकन गर्ने तरिका :**

पत्रपत्रिकाको वितरण संपरीक्षण मूल्यांकन गर्दा निर्धारित मापदण्ड अनुसार देहायको अंक प्रदान गरिने छ :

क) **वितरण परिमाण र लेखा परीक्षण प्रतिवेदन :**

वितरण परिमाणको निम्ति छापिएर वितरण भएको संख्या र वितरण भएको क्षेत्रलाई आधार बनाएर अंक प्रदान गरिनेछ । यसरी अंक दिंदा ५० पूर्णाङ्कमध्ये २५ अंक छापिएर वितरण भएको संख्याका लागि र २५ अंक वितरण भएको क्षेत्रलाई आधार बनाएर दिइनेछ ।

१) **वितरण परिमाणको निम्ति देहायको अंक दिइनेछ :**

क. राष्ट्रिय तहको वर्गीकरणका लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति २.५ अंकका दरले अधिकतम् २५ अंक ।

ख. क्षेत्रीय तहको वर्गीकरणका लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ६.२५ अंकका दरले अधिकतम् २५ अंक ।

ग. स्थानीय तहको वर्गीकरणका लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति १२.५ अंकका दरले अधिकतम् २५ अंक ।

तर, पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरु ( पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुंङ्गा, खोटाङ, दोलखा, रामेछाप, सिन्धुली, गुल्मी, अर्घाखाँची, रसुवा, मनाङ, मुस्ताङ, म्याग्दी, रुकुम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडी) बाट प्रकाशित हुने पत्रपत्रिकाको हकमा न्यूनतम पाँचसय प्रति छापिने रहेछ भने पनि वर्गीकरणमा समावेश गरिने छ ।

२) **वितरण क्षेत्रका आधारमा देहायअनुसार अंक दिइनेछ :**

क. राष्ट्रिय तहको वर्गीकरणका लागि प्रति जिल्ला ०.५५ अंकका दरले बढीमा २५ अंक दिइनछे ।

ख. क्षेत्रीय तह वर्गीकरणका लागि प्रति जिल्ला १.६६ अंकका दरले बढीमा २५ अंक दिइनेछ तर सुदूरपश्चिम क्षेत्रमा ९ जिल्लामात्र पर्ने भएकाले सो क्षेत्रका लागि प्रति जिल्ला २.७७ अंक दिइनेछ ।

ग. स्थानीय तहको वर्गीकरणका लागि जिल्लाका जम्मा गाविस संख्याका लागि २५ पूर्णाङ्क कायम राखी अंक दिइनेछ । यसरी अंक दिंदा २५ पूर्णाङ्कलाई जिल्लाका गाविस संख्याले भाग गरी आउने अंक वितरण हुने गाविसलाई दिइनेछ ।

पत्रपत्रिकाहरुले लेखा परीक्षण प्रतिवेदन, कागज/मसी खरिद गरेको बिल वा प्रेसलाई भुक्तानी गरेको बिलको प्रमाणित प्रतिलिपि र कार्यालय, भौतिक साधन स्रोतको साथै श्रमजीवी पत्रकार र कर्मचारीहरुको नामावली एवं उनीहरुलाई भुक्तानी गरेको तलब लगायतका विवरण अनिवार्यरुपमा पेश गर्नुपर्ने छ ।

क.१) **प्रेस निरीक्षण :**

वितरण संख्या यकिन गर्न वितरण संपरीक्षण समितिले (राष्ट्रिय, क्षेत्रीय र स्थानीय) सम्बन्धित प्रेस तथा बजार निरीक्षण गर्न सक्नेछ । प्रेसको स्थलगत निरीक्षण गर्दा निरीक्षण गरिएको पत्रिका जति प्रति प्रकाशित भएको देखिन्छ सोही आधारमा वितरण परिमाणको अंक प्रदान गरिनेछ । समितिले जुनसुकै समयमा पनि प्रेस निरीक्षण गर्न सक्नेछ ।

कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले वितरण फाराममा यथार्थमा प्रकाशित हुने प्रति भन्दा बढी प्रति उल्लेख गरेको कुरा प्रेस निरीक्षण, कागज खपत वा प्रकाशनको कार्यालयमा भएको अन्य विवरणबाट थाहा हुनगई प्रमाणित भएमा सचिवालयबाट प्रस्तुत प्रतिवेदनका आधारमा ढाँटेको प्रति हजार बराबर *२ (दुई)* अंकका दरले यकिन भई पाउने अंकबाट घटाई वितरण परिमाण वापतको अंक दिइनेछ ।

प्रेस निरीक्षणका क्रममा सहयोग नगर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन ।

**ख) आचार संहिता :**

पत्रकार आचार संहिताको पालनाको आधारमा *१५ अंकसम्म* प्रदान गरिनेछ । पत्रकार आचार संहिता अनुगमनका क्रममा आचार संहिता उल्लंघन गरेको देखिएमा देहायका आधारमा नकारात्मक अंक दिइने छ । प्रेस काउन्सिल आचार संहिता अनुगमन इकाइले आचार संहिता वापतको नंबर दिन गरेको सिफारिस उपसमितिले अनुमोदन गर्नु पर्नेछ ।

१. काउन्सिलको आदेशलाई अवज्ञा गर्ने पत्रपत्रिकालाई देहाय बमोजिम बढीमा ५ अंकसम्म नकारात्मक अंक दिइने छ :

(क) पहिलो पटक अवज्ञा गरेमा — १ अंक

(ख) दोश्रो पटक अवज्ञा गरेमा — ३ अंक

(ग) तेश्रो पटक वा सोभन्दा बढी अवज्ञा गरेमा — ५ अंक

२. पत्रकार आचार संहिता-२०६० को दफा ३ बमोजिमको कर्तव्य निर्वाह नगर्ने र दफा ४ ले निषेध गरेको कार्य गर्ने पत्रिकालाई काउन्सिलको निर्णयका आधारमा बढीमा ५/५ अंक सम्म नकारात्मक अंक दिइने छ ।

३. गाली बेइज्जती वा मानहानी सम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा प्रत्येक पटकका निम्ति १ अंकका दरले बढीमा ५ अंकसम्म नकारात्मक अंक दिइने छ ।

**(ग) निरन्तरता :**

पत्रपत्रिकाहरुलाई निरन्तरतासम्बन्धी अंक दिंदा वर्गीकृत भएको प्रत्येक वर्षका लागि ०.५० गरी बढीमा ५ अंक दिइनेछ । तर पहिलो वर्ष वर्गीकरणका निम्ति निवेदन दिने पत्रिकाले कुनै अंक पाउने छैन ।

उपरोक्त अनुसारको अंक दिंदा वर्गीकरणसम्बन्धी काउन्सिलको अभिलेखलाई आधार मानी दिइनेछ । यदि कुनै पत्रिका विगतमा वर्गीकरण भए पनि बीचमा वर्गीकरण नभई खण्डित भएको रहेछ भने त्यस्तो पत्रिकाको हकमा जति वर्ष खण्डित भएको हो सो वर्षलाई गणना गरिने छैन ।

**(घ) आकार र पृष्ठ संख्या :**

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ को नियम ७ (१) ले विभिन्न पत्रपत्रिकाहरुको न्यूनतम आकार र पृष्ठ संख्या देहाय बमोजिम निर्धारण गरेकोछ :

| क.सं. | पत्रिकाको किसिम | नियमावलीले तोकेको | |
|---|---|---|---|
| | | न्यूनतम आकार | न्यूनतम पृष्ठ |
| १. | दैनिक समाचारपत्र | १२" X २१" | ४ |
| २. | अर्ध-साप्ताहिक समाचारपत्र | १०" X १५" | ६ |
| ३. | साप्ताहिक समाचारपत्र | १०" X १५" | ६ |
| ४. | पक्षिक समाचारपत्र | ०९" X १५" | १२ |
| ५. | मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्र | ०९" X १५" | १२ |

नियमावलीमा तोकिएको न्यूनतम आकार र पृष्ठ संख्या बमोजिम पत्रपत्रिकाहरु प्रकाशित हुन नसकेको व्यावहारिक परिस्थितिलाई दृष्टिगत गरी नियमावलीमा संशोधन नहुञ्जेल सम्मका लागि समितिले मूल्यांकन वर्गीकरण प्रयोजनका निम्ति पत्रपत्रिकाहरुको न्यूनतम आकार र पृष्ठसंख्या देहाय अनुसार निर्धारण गरेको छ ।

**समाचारमूलक पत्रिकाहरुका लागि :**

| क.सं. | पत्रिकाको किसिम | नियमावलीले तोकेको | | समितिले निर्धारण गरेको | |
|---|---|---|---|---|---|
| | | न्यूनतम आकार | न्यूनतम पृष्ठ | न्यूनतम आकार | न्यूनतम पृष्ठ |
| १. | *दैनिक* | १२" X २१" | ४ | *१०" X १५" वा न्यूनतम छपाई क्षेत्र ४६८ वर्गइन्च* | *४* |
| २. | अर्ध-साप्ताहिक | १०" X १५" | ६ | १०" X १५" वा *न्यूनतम छपाई क्षेत्र ७०२ वर्गइन्च* | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | साप्ताहिक | १०" x १५" | ६ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र ७०२ वर्गइन्च* | ६ |
| ४. | पाक्षिक | ०९" x १५" | १२ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र १४०४ वर्गइन्च* | १२ |
| ५. | मासिक | ०९" x १५" | १२ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र १४०४ वर्गइन्च* | १२ |
| ६. | *म्यागेजिन* | | | *७.२५" x १०" वा न्यूनतम छपाई क्षेत्र २६६० वर्गइन्च* | *४०* |

निर्धारित आकार र पृष्ठ संख्या भन्दा भिन्न आकार र पृष्ठमा प्रकाशित पत्रपत्रिकाको हकमा समितिले आकार र पृष्ठ अनुपातका आधारमा कुल छपाई क्षेत्र (Printing Area) सन्तुलन हुने गरी मूल्यांकनमा समावेश गर्न सक्नेछ ।

(च) **विषयवस्तु :**
विषयवस्तु बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा १५ अंक प्रदान गरिनेछ :

| **विषयवस्तु** (Subject) | १५ |
|---|---|
| समाचारको सत्यता/तथ्यपरकता/स्रोत र विश्वसनियताका आधार | ४ |
| समाचार/सवाल (Issue) को राष्ट्रिय, स्थानीय/सामाजिक महत्व/व्यापकता | २ |
| समाचार/विश्लेषणमा मौलिकता/ नयाँपन र विशिष्टता (Breaking and Exclusivness) | २ |
| खोज/अनुसन्धानमूलकता; विश्लेषण/ टिप्पणी आदिमा विधागत र लेखकीय विविधता | २ |
| लेख/सम्पादकीय :<br>१. राष्ट्रियता, विषयको सान्दर्भिकता र मौलिकता<br>२. प्रस्तुतिमा तर्क, तथ्य र वस्तुपरकता | <br>३<br>२ |

(छ) **भाषा/प्रस्तुती :**
भाषा/ प्रस्तुती बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा १० अंक प्रदान गरिनेछ:

| **भाषा/प्रस्तुति** | १० |
|---|---|
| भाषाको समग्रस्तर (शब्दको सही चयन, वाक्य गठनमा शुद्धता, स्पष्टता र सरलता) | २ |
| सम्पादन | २ |
| शीर्षकका निम्ति सही शब्द र आकारको सही छनोट र प्रयोग तथा शीर्षक र प्रस्तुत सामग्री (पेटबोली) बीचको सामञ्जस्यता, सान्दर्भिकता, आकर्षण र तथ्यपरकता | २ |
| समाचारमा सन्तुलन/विचार प्रस्तुतिमा पाठक/समाजप्रतिको दायित्व/ जिम्मेवारीबोध/त्रुटी सच्याउने तत्परता र दोस्रो वा आरोपित पक्षको कथनलाई स्थान | २ |
| भाषिक शिष्टता | २ |

(ज) **साजसज्जा/छपाई (Layout/Print)** :
साजसज्जा/छपाई (Layout/Print) बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा ५ अंक प्रदान गरिनेछ :

| **साजसज्जा/छपाई** (Layout / Print) | ५ |
|---|---|
| **फोटो (Picture)** | १.५० |

| | |
|---|---|
| फोटोको सान्दर्भिकता | ०.५ |
| स्पष्टता/स्तरीयता | ०.५ |
| फोटोको स्रोत र क्याप्सन | ०.५ |
| **कार्टुन (Cartoon)/ग्राफिक्स** | १ |
| विषयवस्तुको सान्दर्भिकता/सन्देशमूलकता | ०.५ |
| शिष्टता र सरलता | ०.२५ |
| रेखा, रंग (स्केच) को स्तरीयता | ०.२५ |
| **सज्जा (Layout)** | १ |
| अक्षरको फन्ट, लिड, कोलम, रंग आदिको तादाम्यता | ०.५ |
| समाचार-विज्ञापनको सन्देश, सन्तुलन र लेआउट डिजाइनमा तादाम्यता | ०.५ |
| **छपाई (Printing)** | १.५ |
| कागजको स्तर (Paper Quality) | ०.५ |
| छपाईको स्तर | ०.५ |
| रङ्गीन (चार कलर) | ०.५ |

विशेषज्ञले माथि उल्लेखित विविध पक्षहरूको मूल्यांकन गर्दा पत्रकारिताका मूलभूत सिद्धान्तलाई आधार मानी गर्नु पर्दछ ।

**पत्रपत्रिकालाई विशेष भाषिक सुविधा :**

मैथिली, भोजपुरी, अवधि, नेवारी, मगर, गुरुङ, राई, थारु आदि भाषामा प्रकाशित हुने पत्रपत्रिकालाई 'भाषा/प्रस्तुती' र 'साजसज्जा/छपाई' मा प्राप्त गरेको अंकलाई २ ले गुणन गरेर अंक दिइनेछ । तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन ।

**पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाका लागि विशेष व्यवस्था :**

पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरु (पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुंङ्गा, खोटाङ, दोलखा, रामेछाप, सिन्धुली, गुल्मी, अर्घाखाँची, रसुवा, मनाङ, मुस्ताङ, म्याग्दी, रुकुम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडी) बाट प्रकाशित हुने पत्रपत्रिकालाई विषयबस्तुबापत सम्बद्ध पत्रिकाले प्राप्त गरेको अंकलाई २ ले गुणन गरी अंक दिइने छ । तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन ।

**महिला, दलित वा अपाङ्गका लागि विशेष व्यवस्था :**

महिला, दलित वा शारिरिक अपाङ्गता भएका व्यक्ति सम्पादक कार्यरत रही प्रकाशन भएको पत्रपत्रिकालाई विषयबस्तुबापत सम्बन्धित पत्रिकाले प्राप्त गरेको अंकलाई २ ले गुणन गरी अंक दिइनेछ । तर यसरी दिएको कुल अंक पूर्णाङ्कभन्दा बढी हुनेछैन । पत्रकार महासंघको सिफारिशमा सम्बद्ध प्रकाशनले त्यस्ता सम्पादकको परिचय खुल्ने कागजात वितरण फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**मूल्यांकन विधि :**

विशेषज्ञले पत्रपत्रिकाको मूल्यांकन गर्दा सामान्यतः नमूना छनोट विधि अवलम्बन गर्नेछ । विभिन्न पत्रपत्रिकाहरुको नमूना छनोट गर्दा देहाय अनुसार वा समितिले निर्धारण गरेबमोजिम गर्न सकिनेछ :

| | |
|---|---|
| दैनिक | ४ अंक प्रति महिना |
| अर्धसाप्ताहिक | ४ अंक प्रति महिना |
| साप्ताहिक | २ अंक प्रति महिना |
| पाक्षिक | २ अंक प्रति २ महिना |
| मासिक | १ अंक प्रति २ महिना |
| द्वैमासिक | २ अंक प्रति ४ महिना |
| त्रैमासिक | २ अंक प्रति १२ महिना |

**एकभन्दा बढी पत्रिकाले भाषागत हिसाबले अक्षरशः एउटै सामग्री प्रकाशन गरेको देखिएमा तिनीहरुलाई मूल्यांकनमा समावेश नगर्ने व्यवस्था :**

दुई वा सो भन्दा बढी पत्रिकाको सम्पादकीय वा समाचार सामग्री अक्षरशः एउटै प्रकाशन भएको देखिएमा कुन पत्रिका पहिले प्रकाशित भएको हो भन्ने एकीन गरेर अर्को (अर्को पत्रिकाको सामग्री स्रोत नखुलाईकन अक्षरशः छाप्ने) पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिने छैन ।

- ❖ मासिक वा सोभन्दा बढी अवधिमा प्रकाशित हुने पत्रपत्रिकाहरुको हकमा ६ महिनासम्मको कुनै पनि २ वा सोभन्दा बढी अंकमा हुबहु देखिएमा वर्गीकरणमा समावेश गरिने छैन ।
- ❖ दैनिक, अर्ध-साप्ताहिक, साप्ताहिक र पाक्षिक पत्रिकाहरुको हकमा कुनै पनि २ वा सोभन्दा बढी अंकमा, प्रकाशित समाचारहरू भाषागत हिसाबले हुवहु वा अक्षरशः वा जस्ताको तस्तै मिलेको देखिई त्यस्ता समाचार सामग्रीहरूको स्रोत नखुलेको देखिएमा त्यस्ता पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिने छैन ।
- ❖ यसरी हुबहु गर्ने पत्रिकामा कुन पहिले निस्केको हो भन्नेमा द्विविधा भएमा वा प्रकाशित अंकमा पहिलेको मिति जनाइए पनि बजारमा पछि पुगेको दावीका कारण विवाद उत्पन्न भएमा छानबिन गरी ठहरेबमोजिम हुनेछ ।

**मूल्यांकन प्रतिवेदन निर्माण :**

विशेषज्ञले मूल्यांकनको लिखित प्रतिवेदन सम्बन्धित वितरण संपरीक्षण समितिमा पेश गर्नेछन् । सचिवालयबाट गरिने मूल्यांकनको प्रतिवेदन र विशेषज्ञको प्रतिवेदनलाई एकत्रित गरी वितरण संपरीक्षण समितिले वितरण संपरीक्षणको प्रतिवेदन तयार गर्नेछ । वितरण संपरीक्षण समितिले सो प्रतिवेदन काउन्सिल समक्ष प्रस्तुत गर्नेछ ।

**वितरण फाराम :**

वितरण संपरीक्षण समितिले संपरीक्षण मूल्यांकनको निम्ति आवेदन दिने पत्रपत्रिकाहरूको मात्र प्रकाशन र वितरणको संपरीक्षण एवं मूल्यांकन गर्नेछ । पत्रपत्रिकाहरूले वितरण संपरीक्षण समितिद्वारा निर्धारण गरिएको वितरण फारामको ढाँचामा आवेदन दिनु पर्नेछ ।

उक्त फाराम भरी *हरेक आर्थिक वर्षको साउनदेखि असारमसान्तसम्मको विवरण असोज मसान्तभित्र* लेखा परीक्षण गराई (उदाहरणको लागि २०६५ साउनदेखि २०६६ असारमसान्तको विवरण २०६६ सालको असोज भित्र) सचिवालयमा पेश नगर्ने पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिंदैन । (*फारामको विवरण अनुसूची-१ मा छ )*

**दर्ता तथा प्रमाणपत्र शुल्क :**

वर्गीकरणमा सहभागी हुने पत्रपत्रिकाले वर्गीकरणको फारामसाथ देहाय बमोजिमको दर्ता तथा प्रमाणपत्र शुल्क बुझाउनु पर्नेछ ।

१. राष्ट्रिय तहको वर्गीकरण (नेपालभरी बिक्रीवितरणका लागि वितरण हुने पत्रिका) मा समावेश हुन चाहने पत्रिकाले रु. १०००।- (एक हजार मात्र) ।
२. क्षेत्रीय तहको वर्गीकरण (क्षेत्रीयस्तरमा बिक्रीवितरणका लागि वितरण हुने पत्रिका) मा समावेश हुन चाहने पत्रिकाले रु. ५००।- (पााचसय मात्र) ।
३. स्थानीय तहको वर्गीकरण (स्थानीयस्तरमा (जिल्लामा मात्र) बिक्रीवितरणका लागि वितरण हुने पत्रिका) मा समावेश हुन चाहने पत्रिकाले रु. ३००।- (तीनसय मात्र) ।
४. वर्गीकरण फाराम रु. २०।- (बीश) शुल्क तिरी प्रेस काउन्सिल सचिवालयबाट प्राप्त गर्न सकिने छ । यसको अलवा काउन्सिलको वेबसाइटबाट डाउनलोड गरी निःशुल्क प्रयोग गर्न सकिने छ ।
५. वर्गीकरणको फाराम दर्ता गराउंदा प्रेस काउन्सिल सचिवालयमा आई नगद तिरेको रसिद संलग्न गरी दर्ता गराउन सकिने छ । यस बाहेक काउन्सिलको खातामा रकम जम्मा गरेको भौचर वा काउन्सिलको नाममा खिचिएको बैक ड्राफ्ट संलग्न गरी कुरियरबाट र भौचर स्क्यान गरी काउन्सिलको इमेल ठेगानाबाट पनि फर्म भरेर दर्ता गराउन सकिने छ ।

**पुनर्योगको व्यवस्था :**

समितिको मूल्यांकन परिणाम र प्राप्तांकप्रति चित्त नबुझेमा कसैले पनि पुनर्योगका निम्ति निवेदन दिन सक्नेछ ।

**पुनर्योग शुल्क :**

वितरण संपरीक्षण समितिले गरेको पत्रपत्रिकाको मूल्यांकन तथा वर्गीकरणको परिणाम र प्राप्तांकका सम्बन्धमा चित्त नबुझी कसैले पुनर्योगका लागि निवेदन दिन चाहेमा नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र रु. २००।- (दुईसय) दस्तुर सहित समितिसमक्ष निवेदन दिन सक्नेछ ।

निवेदन प्राप्त भएको ७ दिनभित्र सम्बन्धित समितिले पुनर्योगको नतिजा सम्बन्धित पत्रिकाका प्रकाशकलाई उपलब्ध गराउनु पर्नेछ ।

पत्रपत्रिका मूल्यांकन प्रतिवेदन सार्वजनिक भइसकेपछि सम्बन्धित पत्रिकाका आधिकारिक व्यक्तिले आफ्नो प्रकाशनको मूल्यांकनको विस्तृत विवरण लिन चाहेमा रु. १००।- दस्तुर सहित लिखितरुपमा माग गर्नुपर्नेछ ।

**निश्चित सीमाभन्दा बढी वा घटी अंक दिंदा कारण उल्लेख गर्नुपर्ने व्यवस्था :**

विषयवस्तु, भाषा/प्रस्तुती, साजसज्जा/छपाई र आचार संहिताको मूल्यांकन गरी अंक दिंदा कुनै पत्रिकालाई शीर्षक वा उपशीर्षकमा छुट्याइएको कुल अंकको २० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अंक दिनुपर्ने अवस्था देखिएमा परीक्षकले सोको स्पष्ट र ठोस कारणसमेत उल्लेख गर्नुपर्ने छ ।

**प्रमाणपत्र दिने ब्यवस्था :**

वर्गीकरणमा परेका पत्रत्रिकाहरुलाई प्रेस काउन्सिल नेपालको तर्फबाट निःशुल्क प्रमाणपत्र दिइनेछ। संपरीक्षण फाराम भर्दा अघिल्लो वर्षको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।